**तामाकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जफे, दोलखा, बागमती प्रदेश, नेपाल**

**श्रमिक कल्याण कोषमा आवद्ध हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मितिः २०८३।०४।२४**

तामाकोशी गाउँपालिकाको श्रमिक कल्याण कोष ऐन, २०८१ तथा श्रमिक कल्याण कोष सञ्चालन कार्यविधि, २०८१ बमोजिम श्रमिकहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले यस गाउँपालिका क्षेत्रभित्र रहेका श्रमिकहरूलाई नागरिक लगानी कोषको नागरिक पेन्सन योजनामा सहभागी गराउने सम्बन्धमा सम्झौता भएको हुँदा ऐनको दफा (६), (८) र (१०) कार्यबिधिको दफा (५) बमोजिम निर्धारित मापदण्डभित्र पर्ने देहाय बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले तपसिलका कागजातहरु सहित **यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र** कार्यालय समयमा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्न हुन सम्बधित सबैमा जानकारिका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**क) कोषमा सहभागी हुनसक्ने श्रमिकहरुः**

१. आरानमा काम गर्ने श्रमिक
२. वाजा वजाउने श्रमिक
३. छालाजुताको काम गर्ने श्रमिक
४. सिकर्मी डकर्मीको पेशामा संलग्न श्रमिक
५. सडक मर्मत गर्ने श्रमिक
६. अति विपन्न कृषक
७. यस्तै प्रकृतिका विभिन्न पेशा वा सीप व्यवसायमा संलग्न श्रमिक

**ख) प्रस्तावक श्रमिकहरुको योग्यताः**

१. सम्बन्धित वडाको स्थायी बासिन्दा,
२. कुनै सरकारी गैरसरकारी संघसस्था वा निकायमा वा अन्तर्राष्ट्रिय रोजगारमा नरहेको, कुनै निकायबाट पेन्सन प्राप्त नगरेको,
३. २५ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको,
४. छ महिना भन्दा बढी समयदेखि गाउँमै बसोबास गरिरहेको,
५. विपन्न दलित, एकल महिला, सीप भएका व्यक्ति, दैनिक ज्याला गर्ने व्यक्ति, सीमान्तकृत, अल्पसङ्ख्यक समूदाय अन्तर्गत पर्ने व्यक्ति,
६. एक परिवारबाट एक व्यक्तिले मात्र कार्यक्रममा आवेदन दिनसक्ने ।

**ग) संलग्न गर्नुपर्ने कागजातहरुः**

१. रीतपूर्वक भरिएको कार्यविधिको अनुसूची १ अनुसारको ढाँचामा सम्बन्धित व्यक्तिको आवद्धता फाराम (खण्ड क-छ भरिएको हुनुपर्ने)
२. नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी
३. पासपोर्ट साइजको फोटो ३ प्रति

**घ) कार्यक्रम सञ्चालन प्रक्रियाः** सम्बन्धित वडाबाट सिफारिस भई आउने श्रमिकहरुका सम्बन्धमा कोष सञ्चालक समिति र गाउँ कार्यपालिकाद्वारा आवश्यक निर्णय भए पश्चात मात्र सहभागी गराइनेछ। अन्य शर्तहरु गाउँपालिकाले तोकेबमोजिम हुनेछ । कोषमा आवद्ध हुने श्रमिकलाई गाउँपालिकाबाट मासिक रु. ५००/- जम्मा गरिनेछ र आवद्ध हुने श्रमिकले कम्तीमा रु. ५००/- जम्मा गर्नुपर्नेछ

**थप जानकारीका लागि सम्पर्क ९८४१०४६६८९** **(रोजगार संयोजकः दिपेन्द्र कार्की)**

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**